२०७८

# योजना तर्जुमाका विषयमा अनुभव आदान प्रदान सम्बन्धी अन्तरप्रदेश जुम बैठकको प्रतिवेदन

२०७८।०६।२० जुम बैठक

आयोजक

प्रदेश नीति तथा योजना आयोग

बागमती प्रदेश, हेटौंडा

# विषय सूची

१. परिचय ..... 2
२. उद्देश्य ..... 2
३. सहभागीहरूबाट पहिचान भएका प्रमुख विषयहरू ..... 2
४. निस्कर्ष ..... 7
५. आगामी कार्यहरू ..... 7
अनुसूची १: बैठकका सहभागीहरूको विवरण ..... 9

# योजना तर्जुमाका विषयमा अनुभव आदान प्रदान सम्बन्धी अन्तरप्रदेश जुम बैठकको प्रतिवेदन

## १. परिचय

संघीय संरचना अनुरूप प्रदेश सरकारहरू गठन भएपछि सातवटै प्रदेशमा प्रदेश नीति तथा योजना आयोगहरू गठन भई क्रियाशिल छन्। प्रादेशिक योजना आयोगहरूलाई राष्ट्रिय योजना आयोगले पनि समन्वय गरिरहेको छ। यस बीचमा प्रदेश नीति तथा योजना आयोगहरूले आवधिक योजना, वार्षिक योजना, अनुगमन तथा मूल्याङ्कन, तथ्याङ्क व्यवस्थापन लगायतका क्षेत्रहरूमा केही अनुभव पनि हासिल गरिसकेका छन्। यस प्रकारको अनुभवहरू आदान प्रदान गर्ने उद्देश्यले राष्ट्रिय योजना आयोगसमेतको सहभागितामा सातवटै प्रदेशका योजना आयोगहरूबीच समय समयमा बैठक अन्तरक्रिया हुने गरेका छन्। यही क्रमलाई निरन्तरता दिँदै बागमती प्रदेशको प्रदेश नीति तथा योजना आयोगले प्रदेशको योजना तर्जुमाका विषयमा अनुभवहरू आदान प्रदान गर्नका लागि २०७८ असोज २० गते एक अन्तर प्रदेश जुम बैठकको आयोजना गरेको थियो। बैठकको अतिथि राष्ट्रिय योजना आयोगका मा. सदस्य डा. रामकुमार फुँयाल हुनुहुन्थ्यो। बैठकको अध्यक्षता बागमती प्रदेशको प्रदेश नीति तथा योजना आयोगका मा. उपाध्यक्ष डा. जगत बस्नेतज्युले गर्नु भएको थियो भने बैठकको सञ्चालन बागमती प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव एवं प्रदेश नीति तथा योजना आयोगका सदस्य सचिव श्री धनिराम शर्माज्यूले गर्नु भएको थियो। बैठकका सहभागीहरूको सूची अनुसूची १ मा प्रस्तुत छ।

## २. उद्देश्य

बैठकको मुख्य उद्देश्य योजना तर्जुमा सम्बन्धी प्रदेशहरूको अनुभवहरू आदान प्रदान गर्नु रहेको थियो। यसका अतिरिक्त समाधान गर्नु पर्ने प्रमुख समस्या र तिनको समाधानका उपायहरूसमेत पहिचान गर्नु यसका विशिष्ट उद्देश्यहरू रहेका थिए।

## ३. सहभागीहरूबाट पहिचान भएका प्रमुख विषयहरू

बैठकका सहभागीहरूबाट पहिचान भएका प्रमुख विषयहरू देहाय बमोजिम रहेका छन्

<u>श्री धनिराम शर्मा, प्रदेश सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश</u>

- आजको छलफलको मूल विषय प्रादेशिक योजना निर्माणमा भएका सफलता, अनुभव र चुनौतीहरू रहेका छन्।
- संविधान, कानुन र कार्य विस्तृतीकरण प्रतिवेदन अनुसार प्रदेश सकारकाले प्रादेशिक महत्वका ठूला योजनाहरू छनौट गर्नु पर्नेमा साना आयोजनाहरूसमेत धेरै सङ्ख्यामा छनौट गरेको देखिन्छ। उदाहरणको लागि प्रदेश राजधानी, जिल्ला र स्थानीय तहको सदरमुकाम जोड्ने सडक प्रदेशको प्राथमिकताहरू हुन तर '... को घरदेखि ... को घरसम्म सडक निर्माण' भन्ने खालका धेरै साना साना सडक आयोजनाहरूमा प्रदेशको लगानी रहेको देखिन्छ।
- स्थानीय तहले कार्यान्वयन गर्ने सक्ने आयोजनाहरू पनि प्रदेश सरकारले कार्यान्वयन गर्ने गरेको देखिन्छ।

**मा. उपाध्यक्ष, डा. रघुराज काफ्ले, प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश**

- पुराना योजनाहरू छाड्ने परिपाटी बढ्दैं छ भने नयाँ नयाँ योजनाहरू बढ्ने क्रम जारी छ।
- स्रोत सुनिश्चितता नभएका कतिपय बहुवर्षीय योजनाहरू अलपत्र अवस्थामा रहेका छन्।
- राजनीतिक नेतृत्वबाट पहिचान भएका आयोजना/कार्यक्रमहरूलाई प्राथमिकतामा राख्नुपर्ने अवस्था छ।
- योजना छनौटको मापदण्ड निर्धारण गर्नुपर्ने देखिन्छ।
- आयोजना बैंकलाई व्यवस्थित गर्न राष्ट्रिय योजना आयोगले सहयोग र समन्वय गर्नुपर्ने देखिन्छ।
- योजनाहरू छनौट गर्ने समयमा योजना आयोगकै भूमिकामा प्रश्न उठाउने गरेको देखिन्छ।
- योजना आयोगमा प्रशासनिक दक्षता तथा विषयविज्ञ जनशक्तिको अभाव छ।
- योजना छनौटको प्रभावकारी मूल्याङ्कन तथा बलियो अनुगमनको संयन्त्र बनाउन नसके आयोजनाहरू भद्रगोल हुने अवस्था देखिन्छ।

**श्री रामप्रसाद आचार्य, सचिव, प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश**

- प्रदेश योजना आयोगहरूलाई प्रभावकारी बनाउनको लागि राष्ट्रिय योजना आयोगले सहयोग गर्नु पर्दछ।
- कानूनी रूपमा प्रदेश योजना आयोगहरूलाई मान्यता दिनका लागि पहल गर्नुपर्ने देखिन्छ।
- आयोगको जनशक्ति व्यवस्थापन, विषयविज्ञताको विकास, बजेट नीति तथा कार्यक्रमलाई व्यवस्थित गर्नका लागि थप छलफल र पहल गर्नुपर्ने देखिन्छ।

**मा. उपाध्यक्ष, डा. भोगेन्द्र झा, प्रदेश नीति तथा योजना आयोग, प्रदेश नं. २**

- प्रदेश नं. २ को जस्तै गरी अन्य प्रदेशको प्रदेश नीति तथा योजना आयोगहरूलाई कानूनी रूपमा व्यवस्थित गर्नुपर्ने देखिन्छ।
- सरकारले बनाउने नीति कार्यक्रम र बजेटको बाँडफाँडबीच कुनै तालमेल देखिदैन।
- बजेट कार्यक्रम बाँडफाड गर्ने समयमा योजना आयोगको भूमिकालाई कमजोर बनाइन्छ।
- योजना छनौट र व्यवस्थापनलाई प्रभाव पार्ने खाले विभिन्न ऐन, नियम, मापदण्डहरू बनाइएको भएता पनि तिनीहरूलाई व्यवस्थित रूपमा कार्यान्वयन हुन सकेको छैन।
- जनशक्ति व्यवस्थापन, बजेट व्यवस्थापन लगायतका विषयहरूमा एकीकृत धारणा बनाएर अघि बढे मात्रै सबै कार्यक्रमहरूलाई व्यवस्थित रूपमा कार्यान्वयन गर्न सकिन्छ।
- राष्ट्रिय योजना आयोगले पनि प्रदेश नीति तथा योजना आयोगलाई सम्मानित संस्था बनाउन सकेको छैन।

**मा. सदस्य, बैधनाथ महतो, प्रदेश नीति तथा योजना आयोग, प्रदेश नं. २**

- महत्वाकांक्षी नीति तथा कार्यक्रम र बजेट निर्माण गर्ने गरिएको छ तर कार्यान्वयन सकिएको छैन।
- योजनाहरूको प्रभावकारी कार्यान्वयनको लागि एकीकृत योजना र कार्ययोजना तयार गरिनुपर्छ।
- कम्तिमा पनि योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कनमा योजना आयोगहरूको भूमिकालाई प्रभावकारी बनाउनको लागि राष्ट्रिय योजना आयोगले पनि आवश्यक समन्वय गर्नु पर्दछ।
- सबै प्रादेशिक योजना आयोगहरूवीच अनुभवहरूको आदान प्रदान गरेर एक अर्काबाट सिक्ने वातावरण राष्ट्रिय आयोगले समन्वय गर्नु पर्दछ।

- प्रदेशका गौरवका आयोजनासम्बन्धी अनुभव आदानप्रदान गर्न आवश्यक छ।
- योजना छनौटका आधारहरू तयार भएपनि कार्यान्वयनमा गएका छैनन।

<u>मा. उपाध्यक्ष, डा. सर्वराज खड्का, कर्णाली प्रदेश योजना आयोग</u>

- प्रादेशिक योजना आयोगहरूले समन्वयात्मक रूपमा काम गर्नुपर्ने देखिन्छ।
- वार्षिक योजना छनौट गर्ने समयमा द्बिपक्षीय रूपमा विषयगत मन्त्रालयहरूसँग छलफल गरी अघि बढ्नुपर्ने देखिन्छ।
- वार्षिक बजेटमा पर्ने कार्यक्रमहरूबीच दोहोरोपना रहेको छ। यसलाई हटाउनको लागि तीनै तहको सरकारबीच समन्वय आवश्यक छ।
- आवधिक योजनाले तय गरेका नीति, रणनीति, कार्यनीतिहरू वार्षिक योजनामा समावेश भएका छन् या छैनन छैनन् भने तिनीहरूलाई कसरी व्यवस्थित गर्ने भन्ने सम्बन्धमा छलफल गर्न आवश्यक छ।
- वर्षेनी नयाँ नयाँ योजनाहरू थप्ने परिपाटीहरू छन्, तिनीहरूलाई सम्पन्न गर्ने चुनौती छ।
- दिगो विकासका लक्ष्यहरूलाई आन्तरिकीकरण गर्ने, स्थानीयकरण गर्ने कार्यलाई प्रशस्त छलफल हुन सकेको छैन, यसलाई छलफल गरी अघि बढाउनुपर्ने अवस्था छ।

<u>मा. सदस्य, डा. दीपेन्द्र रोकाया, कर्णाली प्रदेश योजना आयोग</u>

- अन्तरप्रदेश बैठक कर्णाली प्रदेशमा गर्ने भनेकोमा कोभिड-१९ को कारणले हुन सकेको छैन। यस्ता छलफलहरू निरन्तर हुनुपर्छ।
- आवधिक योजना बनेको छ, यसलाई कसरी परिमार्जन गरेर लैजाने भन्ने विषयमा पनि एकरूपता हुन जरुरी छ।
- आवधिक योजनाको स्थानीयकरणको पनि समस्या छ।
- योजना तर्जुमा र कार्यान्वयनमा सुशासन अभिबृद्धि गर्न आवश्यक छ।
- दिगो विकासका लक्ष्यहरूलाई पनि स्थानीयकरण गर्नमा चुनौती छ।
- क्षमता विकासका कार्यक्रमहरू पनि अघि बढाउनुपर्ने छ।

<u>मा. उपाध्यक्ष, बामदेव क्षेत्री  घिमिरे, प्रदेश योजना आयोग, लुम्बिनी प्रदेश</u>

- पूँजीगत बजेटका कार्यक्रमहरूको स्वीकृति र सिलिङ निर्धारणमा योजना आयोगको भूमिका हुनु पर्छ।
- निजी क्षेत्रको लगानी बढाउनको लागि हामीले लगानी सम्मेलन पनि निकट भविष्यमै आयोजना गर्दैछौं।
- तीन वर्षमा सम्पन्न गर्नुपर्ने १ करोड लागतको बहुवर्षीय योजनामा १० लाख रूपैयाँ विनियोजन गरिएको छ। यो त उदाहरण मात्र हो। यस्ता आयोजनाहरू धेरै छन्। यसबाट वहुवर्षीय योजनाहरू सम्पन्न हुन धेरै समय लाग्ने अवस्था छ।
- पुराना योजनाहरू सम्पन्न नहुँदै वर्षेनी नयाँ योजनाहरू थप्दै जाने प्रबृतिले कायम छ।

<u>मा. सदस्य, मोहनदेव विष्ट, प्रदेश नीति तथा योजना आयोग, सुदुरपश्चिम प्रदेश</u>

- योजना आयोगबाट गत वर्षको योजनाहरूका लागि मार्गनिर्देशन मात्रै दिइएको छ।
- स्थानीय तहहरूबाट कार्यान्वयन गर्नुपर्ने योजनाहरू पनि प्रदेश सरकारले कार्यान्वयन गरिरहेको अवस्था छ। त्यस्ता योजनाहरूलाई स्थानीय तहमानै हस्तान्तरण गरी स्थानीय तहबाट नै कार्यान्वयन गर्नुपर्छ।

- हामीले योजना तर्जुमा दिग्दर्शन, मध्यमकालीन खर्च संरचना तथा पञ्चवर्षीय योजना बनाउने काममा लागिरहेका छौं।
- हामीले स्थानीय तहका, जिल्ला समन्वय समितिका पदाधिकारीहरू, प्रदेशका विषयगत मन्त्रालयहरूसँग छलफल गरी आएका योजनाहरूलाई प्रोजेक्ट बैंकमा राख्ने कुरालाई पनि हाम्रो प्रदेशले अघि बढाउन लागेको छ।
- योजना आयोगको भूमिका बढाउनका लागि विभिन्न सरोकारवालाहरूसँग छलफल गर्दै कामहरू गर्नुपर्ने स्थिति रहेको छ।

<u>श्री जयकुमार घिमिरे, प्रदेश सचिव, प्रदेश योजना आयोग, प्रदेश नं. १</u>

- संघीयताको महत्वपूर्ण अङ्ग भनेकै प्रदेश हो, यसलाई संस्थागत तथा एकीकृत ढङ्गबाट अघि बढाउनुपर्ने स्थिति रहेको छ।
- हामीले जिल्ला समन्वयहरूको भूमिकाहरूलाई पनि बढाउनु पर्नेछ।
- हामीले आवधिक योजना, मध्यमकालीन खर्च संरचना, आवधिक योजनाको मध्यावधि समीक्षा लगायतका सम्पूर्ण विषयहरू हामीले तयार पारिसकेको छौं।
- संस्थागत क्षमता विकासका कुराहरूमा पनि कार्यालयमा काम गर्ने कर्मचारीहरू विज्ञ सेवाका भए मात्रै कामहरू व्यवस्थित हुने देखिन्छ।
- योजना आयोगहरूमा आर्थिक योजना तथा तथ्याङ्क सेवाका कर्मचारीहरू छैनन बढी मात्रामा विषयविज्ञ कर्मचारीहरूले नै आयोगको गरिमालाई बढाउने हुँदा यस्ता विविध सेवा समूहका कर्मचारीहरूलाई ल्याउने काममा यस्को भूमिका बढाउनुपर्नेछ।

<u>मा. सदस्य, रामशरण प्याकुरेल, प्रदेश नीति तथा योजना आयोग, बागमती प्रदेश</u>

- सर्वप्रथम, कम्तिमा पनि योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कन लगायतका विषयमा योजना आयोगको भूमिका के हो र हामीले के के गर्ने हो भन्ने कुरामा प्रष्ट हुन आवश्यक छ।
- योजना तर्जुमाका मुख्य मुख्य समस्या तथा चुनौतीहरू के के हुन् र तिनीहरूलाई कसरी व्यवस्थित रूपमा अघि बढाउन सकिन्छ भन्ने विषयलाई पनि हाम्रो ध्यान जान आवश्यक छ।
- हामीले नयाँ नयाँ कार्यक्रमहरू मात्रै ल्याईराख्ने तर अधुरा, भए गरेकै कामहरूलाई निरन्तरता नदिने प्रवृत्तिको अन्त्य गर्नुपर्छ।

<u>मा. सदस्य, ज्ञानकुमार श्रेष्ठ, प्रदेश नीति तथा योजना आयोग, बागमती प्रदेश</u>

- राजनीतिक नेतृत्वले आफ्ना-आफ्ना रूचिका योजनाहरू राख्ने, आफ्नो निर्वाचन क्षेत्रमा मात्र ध्यान दिने र चर्चा बटुल्ने मेसोमा लाग्ने कार्यहरूले प्रदेशका दीर्घकालीन योजनाहरूलाई कार्यान्वयनमा लग्नै सकिदैन।
- योजनाहरूमा एकरूपता कायम गर्नुपर्ने आवश्यकता पनि रहेको छ।
- योजनाहरूमा दोहोरोपना सबैभन्दा बढी रहेको हुँदा यसलाई हटाउन आवश्यक छ।
- मुलुकमा धेरै ठूलो मात्रामा आयात हुने गरेको छ। यसलाई कम गर्नको लागि प्रदेशलाई आत्मनिर्भर बनाउने खालका योजना तर्जुमा हामी लाग्नुपर्छ।

**<u>मा. सदस्य, निलम ताम्राकार, प्रदेश नीति तथा योजना आयोग, बागमती प्रदेश</u>**

- स्थानीय स्रोतको अधिकतम परिचालन कसरी गर्न सकिन्छ भन्ने विषयमा तीनै तहको सरकारको ध्यान जान आवश्यक छ।
- आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कनको क्षेत्रमा हामी अत्यन्तै कमजोर छौं। यसलाई व्यवस्थित रूपमा अघि बढाउन सकेमात्रै समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षालाई पुरा गर्न सकिन्छ।

**<u>मा. सदस्य, डा. रामकुमार फुयाल, राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौं</u>**

- हामीले छलफल तथा अन्तर्क्रियाका कार्यक्रमहरूलाई निरन्तररूपमा अघि बढाइए मात्रै धेरै कुराहरू सिक्न, बुझ्न र लिन पाइन्छ।
- आज उठेका विषयहरूको व्यवस्थित सम्बोधनको लागि नियमित रूपमा अन्तर्क्रिया र छलफल आवश्यक छ।
- राष्ट्रिय योजना आयोग र प्रदेशका योजना आयोगहरूमा समन्वय र सहकार्यलाई निरन्तर रूपमा अघि बढाइनुपर्ने आवश्यकता रहेको छ।यदि यसलाई व्यवस्थित रूपमा अघि बढाइएमात्रै पन्ध्रौ योजना, दिगो विकासका लक्ष्यहरूलाई पूरा गर्न सकिन्छ।
- सबै प्रदेशका योजना आयोगका माननीय उपाध्यक्ष, सदस्य र सचिव ज्यूरूले धेरै विषयहरू उठाउनुभएको छ। ती विषयहरूलाई विभिन्न समय समयमा छलफल र संवादमार्फत छलफल गर्नुपर्ने हुन्छ। हामीले बनाएका विभिन्न Unbundling Report, योजना तर्जुमाका दिग्दर्शनहरू, सरकारका विभिन्न ऐन, नियम, निर्देशिका, मापदण्डहरू, कानूनहरू बनाइएका छन्। राष्ट्रिय योजना आयोगका आफ्नै ऐन नभएपनि त्यसलाई व्यवस्थित गर्नका लागि राष्ट्रिय विकास परिषद, राष्ट्रिय विकास समस्या समाधान समिति, राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन राष्ट्रिय सभामार्फत पास हुन लागिराखेको छ, त्यसलाई पनि व्यवस्थित गर्नको लागि प्रदेशका योजना आयोगहरूलाई पनि सहभागी गराइएको छ।जसले पनि प्रदेशका योजना आयोगहरूको भूमिकालाई व्यवस्थित गर्न खोजिएको छ।
- हामीले जिल्ला समन्वय समितिहरूको भूमिकालाई समेत बढाउनका लागि, आयोजना वर्गीकरणको आधार तथा मापदण्ड निर्धारण गर्नका लागि हामीले एउटा समिति बनाइसकेका छौं।त्यो अनुसारको काम गर्नका लागि पनि हामी अहिलेबाट लागिरहेका छौं।
- आवधिक योजनाको मध्यावधि समीक्षा पनि गर्नुपर्ने छ। प्रदेश १ ले गरिसकेको छ, त्यसको असल अभ्यासलाई हामीले अघि बढाइनुपर्ने आवश्यकता रहेको छ। हामीले गरेका असल अभ्यासहरूलाई निरन्तरता दिँदै सामाजिक आर्थिक रूपान्तरणका आयामहरूलाई तय गर्दै अघि बढीएमात्रै सुखी नेपाली समृद्ध नेपालको यात्रा तय गर्न सकिन्छ। तसर्थ त्यसलाई पनि व्यवस्थित रूपमा अघि बढाइनुपर्ने आवश्यकता रहेको छ।

**<u>मा.उपाध्यक्ष, डा. जगत बस्नेत, प्रदेश नीति तथा योजना आयोग, बागमती प्रदेश</u>**

- राष्ट्रिय योजना आयोगका मा. सदस्य, डा. रामकुमार फुयाल, सबै प्रदेशका प्रदेश नीति तथा योजना आयोगका माननीय उपाध्यक्षज्यूहरू, सदस्यज्यूहरू, सचिवज्यूहरू र कर्मचारी साथीहरूको अमूल्य समय, सक्रिय सहभागिता र अनुभव आदानप्रदानका लागि बागमती प्रदेशको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछु। बागमती प्रदेश आयोजक भएको हुनाले अन्य साथीहरूले राख्नु भएका विषयहरू दोहऱ्याउन चाहान्न।
- आजको छलफलको नोट/रिपोट योजना आयोगका माननीयज्यूहरूलाई सबै प्रदेशमा पठाउने प्रतिबद्धता गर्दछु।

- आजको छलफलले सबै प्रदेशका योजना आयोगका पदाधिकारीहरू र राष्ट्रिय योजना आयोगका पदाधिकारीहरूसँग बसेर समस्या तथा चुनौतीहरूको समाधान गर्न सहयोग पुग्ने आशा लिएको छु।
- योजनाहरू पहुँचका आधारमा राख्ने पद्धतिलाई अन्त्य गर्नुपर्ने चुनौती छ, योजना निर्माण पद्धति(System) बसाल्न आवश्यक छ। योजना निर्माणमा राजनीतिक नेतृत्वलाई समन्वय र सहकार्य गरेर अघि बढाउनुपर्ने विषयहरू धेरै छन् तसर्थ त्यस्ता विषयहरूमा सबैको समन्वय र साथ आवश्यक छ।
- हामी निरन्तर छलफल र संवाद मार्फत नै धेरै विषयहरूको सम्बोधन गर्न गराउन सकिने हुँदा समय समयमा यस्ता खालका छलफलहरूको निरन्तरता हुन आवश्यक छ।
- प्रदेश नीति तथा योजना आयोगको भूमिकालाई हामीले स्थापित गर्नुपर्ने जसले समस्या तथा चुनौतीहरूको समाधानमा सहयोग पुर्याउने काम गर्दछ।
- अन्त्यमा पुनः सबैको अमूल्य सहयोगको लागि धन्यवाद र आउदो बडादशै, दिपावली, इद र छठ पर्वको शुभकामना।

## ४. निस्कर्ष

- प्रदेश सरकारको विशिष्टिकृत निकायको रूपमा प्रदेश नीति तथा योजना आयोगको भूमिका प्रभावकारी बनाउन आवश्यक छ। यसका लागि उपयुक्त कानुनी व्यवस्था र विशेषज्ञ जनशक्तिको व्यवस्थाका साथै क्षमता विकासका कार्यक्रमहरू पनि हुन आवश्यक छ।
- योजनाहरूको दोहोरोपन र सानासाना योजनाहरूको कार्यान्वयन प्रदेश सरकारबाट कार्यान्वयन भैरेहको अवस्था छ।
- अन्तरप्रदेश सिकाइको लागि उपयुक्त वातावरण बनाउन आवश्यक छ।
- हरेक वर्ष नयाँ नयाँ  र साना साना योजनाहरू थप गर्दै जाने प्रवृतिले अधुरा, बहुवर्षीय, र प्रादेशिक गौरबका योजनाहरूको लागि पर्याप्त बजेट व्यवस्था नहुँदा समयमै सम्पन्न हुन सकेका छैनन्।
- वार्षिक योजना तर्जुमा गर्दा आवधिक योजना र दिगो विकास लक्ष्यलाई प्राथमिकतामा राख्न कठिन भैरहेको छ।
- वार्षिक आयोजना छनौट कार्यविधिलाई पूर्ण रूपमा कार्यान्वयनमा लैजानु पर्दछ।

## ५. आगामी कार्यहरू

- ऐनद्वारा प्रदेश नीति तथा योजना आयोगलाई व्यस्थित गर्नुपर्ने देखिन्छ। यसका लागि प्रदेश नं. २ को अनुभवबाट सिक्न सकिन्छ।
- करार वा परामर्श सेवा खरीदबाट भए पनि आयोगलाई आवश्यक पर्ने विशेषज्ञ जनशक्तिको व्यवस्था गरेर भए पनि आयोगले कार्य गर्नुपर्दछ।
- विद्यमान कानुनी व्यवस्था, नीति निर्माण, योजना तर्जुमा, तथ्याङ्क व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन, एकीकृत प्रतिवेदन प्रणाली, तहगत समन्वय, अध्ययन अनुसन्धान लगायतका विषयमा आयोगको क्षमता विकास गर्न आवश्यक छ।
- संघ, प्रदेश र स्थानीय तहले कार्यान्वयन गर्ने आयोजनाहरूको मापदण्ड बनाई कडाइका साथ लागु गर्न आवश्यक छ। यसमा तीनै तहको सरकारको सहभागिता हुनु आवश्यक छ।

- राष्ट्रिय योजना आयोगको समन्वयमा सातवटै प्रदेशका योजना आयोगहरूको एक खुल्ला सञ्जाल बनाउन सकिन्छ जसको वर्षमा कम्तिमा १ पटक आलोपालोबाट संयक्त बैठकको आयोजना सकिन्छ। यसका अतिरिक्त, आवश्यकता अनुसार खास-खास विषय (Thematic Issues)हरू (उदाहरणको लागि आयोजना बैंक व्यवस्थापन)मा छलफलको लागि अन्तरप्रदेश समन्वय बैठक बस्न सकिन्छ। यसको लागि प्रादेशिक योजना आयोगहरूले बजेट व्यवस्थासमेत गर्न आवश्यक देखिन्छ।
- मन्त्रालयहरूलाई बजेट सिलिङ उपलब्ध गराउँदा तोकिएको समयभित्र योजना सम्पन्न हुने गरी प्रादेशिक गौरबका आयोजना, बहुपर्षीय आयोजना र अधुरा आयोजनाहरूको लागि पर्याप्त बजेट प्रस्ताव गर्न र स्रोत बाँकी भएमा मात्र नयाँ योजना प्रस्ताव गर्न मार्ग निर्देशन पठाउन आवश्यक छ।
- आवधिक योजना र दिगो विकास लक्ष्यलाई कार्यान्वयन गर्ने गरी मध्यमकालीन खर्च संरचना बनाउने र सोको आधारमा वार्षिक योजना बनाउने प्रणाली स्थापित गर्न आवश्यक छ।
- प्रदेश नीति तथा योजना आयोगलाई प्रदेश सरकारको थिङ्क ट्याङ्कको रूपमा सम्मानित संस्थाको रूपमा विकास गर्न आवश्यक छ।

# अनुसूची १: बैठकका सहभागीहरूको विवरण

राष्ट्रय योजना आयोग

- डा. रामकुमार फुँयाल, मा. सदस्य,

प्रदेश योजना आयोग, प्रदेश नं. १

- श्री जय कुमार धिमिरे, सचिव

प्रदेश नीति तथा योजना आयोग, प्रदेश नं. २

- डा. भोगेन्द्र झा, मा. उपाध्यक्ष
- श्री बैधनाथ महतो मा. सदस्य,
- श्री परमिला सिंह, मा. सदस्य

प्रदेश नीति तथा योजना आयोग, बागमती प्रदेश

- डा. जगत बहादुर बस्नेत, मा. उपाध्यक्ष
- श्री ज्ञान कुमार श्रेष्ठ, मा. सदस्य,
- श्री निलम ताम्राकार, मा. सदस्य,
- श्री रामशरण प्याकुरेल, मा. सदस्य,
- श्री धनीराम शर्मा, सदस्य सचिव,
- श्री हरिहर पोखेल, उपसचिव,
- श्री चिरन्जीवी पौडेल, शाखा अधिकृत,
- श्री पुष्कल श्रेष्ठ, विज्ञ,
- श्री सुदिप खुलाल, कम्प्युटर अपरेटर
- श्री आशिव आचार्य, कम्प्युटर अपरेटर

प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश

- डा. रघुराज काफ्ले, मा. उपाध्यक्ष
- डा सुवास अधिकारी मा. सदस्य,
- श्री माया तिम्सिना मा. सदस्य
- श्री राम प्रसाद आचार्य, सचिव

प्रदेश नीति तथा योजना आयोग, लुम्बिनी प्रदेश

- श्री बामदेव क्षेत्री सदस्य, मा. उपाध्यक्ष

- डा. दामोदर भुसाल सदस्य, मा. सदस्य
- श्री समुन राज पौडेल, प्रशासान प्रमुख

प्रदेश योजना आयोग, कर्णाली प्रदेश

- डा. सर्वराज खड्का, मा. उपाध्यक्ष
- डा. दिपेन्द्र रोकया, मा. सदस्य,

प्रदेश नीति तथा योजना आयोग, सुदूरपश्चिम प्रदेश

- श्री मोहनदेव विष्ट, मा. सदस्य,
- श्री नारायण पौडेल, मा. सदस्य